Australian Government
Services Australia

NEPALI

# के तपाईं मौसमी, करार वा अस्थायी कामदार हुनुहुन्छ?

## मौसमी, करार वा अस्थायी काम भनेको के हो?

मौसमी काम भनेको तपाईले गर्नुहुने कुनै पनि काम हो जुन हरेक वर्षको केहि समयको लागि मात्र उपलब्ध हुन्छ।

करार कार्य भनेको कुनै खास उद्देश्य वा समयको लागि सम्झौता अन्तर्गत गरिने कुनै पनि काम हो। यसमा उप- करार कार्य पनि समावेश छ।

अस्थायी कार्य भनेको समय समयमा उपलब्ध हुने कुनै पनि काम हो। यसमा निम्न अवस्थाहरू समावेश छन्:

- तपाईंले एक अवधिमा समाप्त हुने वा उपलब्ध नहुने भविष्यवाणी गर्न सक्नुहुन्छ
- यो काम एक वर्ष भन्दा कम समय सम्म रहन्छ र यसमा बिदा अधिकारहरू प्राप्त हुँदैन।

मौसमी कामले निम्न कामहरू समावेश गर्दछ जस्तै:

- फलफूल टिप्ने
- फसल काट्ने
- छाला काटने
- माछा मार्ने।

करार कामले निम्न कामहरू समावेश गर्दछ जस्तै:

- परामर्श कार्य[सम्पादन गर्ने
- निर्माण स्थलहरूमा काम।

नियमित रूपमा बन्द हुने कामहरू अस्थायी कार्यमा समावेश छन् जस्तै:

- क्रिसमस अवधिमा बन्द भएका कारखानाहरू
- नियमित मर्मतसम्भारका लागि बन्द भएका कारखानाहरू।

यसमा निम्न कामहरुपनि समावेश हुन सक्छन्:

- कला र मनोरञ्जन उद्योगहरूका काम
- नियमितता संग सुरु हुने र रोकिने काम्, जस्तै खानी वा तेल उद्योगका काम
- अस्थायी रूपका काम
- राहत शिक्षण वा स्वास्थ्य उद्योगमा राहत कार्य
- चलिरहेको काम, वा काम जहाँ बेरोजगारीको अवधि अनुमान गर्न सकिन्छ।

## Seasonal Work Preclusion Period भनेको के हो ?

यदि तपाईं मौसमी, करार वा अस्थायी कामदार हुनुहुन्छ भने, तपाईंको भुक्तानीमा Seasonal Work Preclusion Period लागू हुन सक्छ।

यसको मतलब तपाईले Centrelink भुक्तानीको लागि दावी गर्दा तपाईमा प्रतिक्षा अवधि लागू हुन सक्छ। यसमा निम्न भुक्तानीहरू समावेश छन्:

- Austudy
- ABSTUDY
- Carer Payment
- Disability Support Pension (स्थायी रूपमा दृष्टिविहीन भएका व्यक्तिहरू बाहेक)
- JobSeeker Payment
- Parenting Payment
- Special Benefit (मनोनीत भिसा धारकहरू मात्र)
- Youth Allowance
- Farm Household Allowance।

यदि तपाईंले Centrelink भुक्तानी प्राप्त गर्दा कुनै काम गर्नुहुन्छ भने तपाईंले आफ्नो आय रिपोर्ट गर्नुपर्छ।

निम्न अवस्थामा Seasonal Work Preclusion Period लागू हुने छैन:

- 12 महिना भन्दा बढी रहनेछ भनेर तपाईंले अपेक्षा गर्नुभएको स्थायी रोजगारी
- मौसमी काम बाहेक कुनै पनि रोजगारीमा, जहाँ रोजगारदाताले बिदाको हक भुक्तान गरेका छन
- यदि तपाईं पुनस्र्थापना कार्यक्रममा हुनुहुन्छ भने
- यदि तपाइँ Community Development Program को रूपमा पुनर्वास कार्यक्रमको बराबरको गतिविधि गर्दै हुनुहुन्छ भने।

## Preclusion period कति लामो अवधिको हुन्छ?

Seasonal Work Preclusion Period केही कारकहरूमा निर्भर हुनेछ। यसमा तपाईंले आफ्नो कामबाट कति कमाउनुभयो र कति लामो समयसम्म काम गर्नुभयो भन्ने कुरा समावेश छ। करार, मौसमी वा अस्थायी काममा संलग्न व्यक्तिजत्तिकै रकम कमाउन औसत ज्याला कमाउने व्यक्तिलाई कति समय लाग्छ भन्ने आधारमा हामी यो अवधिलाई आधार बनाउँछौं।

तपाईंको Seasonal Work Preclusion Period को निर्धारण गर्न, हामी

- तपाईंको कुल कमाईलाई Average Weekly Ordinary Time Earnings (AWOTE) को रकमद्वारा विभाजन गर्छौं
- त्यसपछि काम गरेको हप्ताको संख्या घटाउछौ।

AWOTE, Australian Bureau of Statistics बाट उपलब्ध छ र उनीहरूले यसलाई वर्षमा दुई पटक अद्यावधिक गर्छन्। यदि तपाईंको कमाई AWOTE भन्दा बढी छ भने, तपाईले Centrelink भुक्तानीको लागि योग्य हुनु अघि केहि समय पर्खनु पर्ने हुन सक्छ।

आफ्नो निम्न अवस्थाबारे छलफल गर्न हामीलाई **132 850** मा फोन गर्नुहोस्:

- तपाईं preclusion period बाट प्रभावित हुनुहुनेछ कि छैन भन्ने अनिश्चित हुनुभएमा
- तपाईंलाई आफ्नो preclusion period को समयमा आर्थिक कठिनाइहरु भएमा।

यदि तपाईंले preclusion period बाट प्रभावित कामदारहरूलाई रोजगारी दिनुहुन्छ भने, हामी तपाईंलाई उनीहरूको कामको जानकारी दिन अनुरोध गर्न सक्छौं। थप जानकारीको लागि **131 158** मा हाम्रो National Business Gateway मा फोन गर्नुहोस्।

## तपाईंले हामीलाई के दिन आवश्यक छ

हामी तपाईंको अघिल्लो रोजगारीको प्रमाण माग्न सक्छौं। तपाईंले भुक्तानीको लागि दाबी गर्दा हामीले तपाईंको जीवनसाथीको रोजगारीको प्रमाण पनि माग्न सक्छौं। तपाईंले निम्न जानकारी समावेश भएको फारम भर्नुपर्छ:

- तपाईं र तपाईंको जीवन साथीले गरेको कामको प्रकार
- सो समयमा तपाईंको रोजगारदाता
- तपाईँले काम सुरु गरेको र छोडेको मिति
- सो अवधिको लागि तपाईंको कुल आय। कुल आय भनेको कर वा अन्य कटौती भन्दा पहिले कमाएको कुल रकम हो।
- तपाईंले दाबी गर्न सक्नुहुने कटौतीहरूको विवरण (Australian Taxation Office ले अनुमति दिए अनुसार)।

तपाईंले हामीलाई कागजातहरू दिनु पर्छ जस्तै:

- पेस्लीपहरु
- रसिदहरु
- ग्रुप सर्टिफिकेट
- लाभ र हानि विवरण
- ज्याला पुस्तिका
- बैंक स्टेटमेन्ट
- हाजिरी पुस्तिका
- तपाईको रोजगार दाताबाट पत्र वा Employment Separation Certificate।

## थप जानकारीको लागि

- अङ्ग्रेजीमा थप जानकारीको लागि **servicesaustralia.gov.au** मा हेर्नुहोस।
- **servicesaustralia.gov.au/yourlanguage** मा जानुहोला जहाँ तपाईले आफ्नो भाषामा जानकारीहरु पढ्न, सुन्न तथा हेर्न सक्नुहुनेछ।
- Centrelink भुक्तानी र सेवाहरूका लागि आफ्नो भाषामा कसैसँग कुरा गर्न **131 202** मा फोन गर्नुहोस्।
- Medicare का लागि **132 011** मा फोन गर्नुहोस् र तपाईंलाई दोभाषे चाहिएमा हामीलाई थाहा दिनुहोस्। हामी नि:शुल्क दोभाषेको व्यवस्था गर्नेछौं।
- Child Support का लागि **131 272** मा फोन गर्नुहोस् र तपाईंलाई दोभाषे चाहिएमा हामीलाई थाहा दिनुहोस्। हामी नि। शुल्क दोभाषेको व्यवस्था गर्नेछौं।
- सेवा केन्द्रमा जानुहोस्।

टिप्पणी: अष्ट्रेलियाको जुनसुकै ठाउँबाट तपाईंको घरको फोनबाट **'13'** नम्बरहरूमा फोन गर्दा निश्चित दरमा शुःल्क लाग्नेछ। स्थानीय फोनको मूल्य भन्दा फरक हुन सक्छ र टेलिफोन सेवा प्रदायकहरू बीच पनि दर भिन्न हुन सक्दछ।

तपाईंको घरको फोनबाट **'1800'** नम्बरहरूमा फोनहरू निःशुल्क छन्। सार्वजनिक र मोबाइल फोनबाट फोन गर्दा लागेको समयको लागि उच्च दरमा शुल्क लाग्न सक्दछ।

## अस्वीकरण

यस प्रकाशनमा समावेश जानकारी भुक्तान र सेवाहरूको लागि गाईडको रूपमा मात्र हो। यदि तपाईं भुक्तानीको लागि आवेदन दिन चाहानुहुन्छ र तपाईंको विशेष परिस्थितिहरूको सन्दर्भमा आवेदन दिन चाहनुहुन्छ भने यो निर्णय गर्ने तपाईंको जिम्मेवारी हो।

# Are you a seasonal, contract or intermittent worker?

## What is seasonal, contract or intermittent work?

Seasonal work is any work you do that is only available for part of each year.

Contract work is any work you do under a contract for a specific purpose or time. This also includes subcontract work.

Intermittent work is any work that is available from time to time. This includes work that:

- you can predict will end or not be available for a period
- lasts less than a year and does not accrue leave entitlements.

Seasonal work includes jobs such as:

- fruit picking
- harvesting
- shearing
- fishing.

Contract work includes jobs such as:

- consultancy work
- work on building sites.

Intermittent work includes work that has regular shutdowns such as factories that shut down:

- over the Christmas period
- for regular maintenance.

It can also include:

- work in the arts and entertainment industries
- work that stops and starts with regularity, such as work in the mining or oil industry
- work that is temporary by nature
- relief teaching or relief work in the health industry
- non-ongoing work, or work where a period of unemployment is predictable.

## What is a Seasonal Work Preclusion Period?

If you are a seasonal, contract or intermittent worker, you may have a Seasonal Work Preclusion Period applied to your payment.

This means you may have a waiting period applied when you make a claim for a Centrelink payment. These payments include:

- Austudy
- ABSTUDY
- Carer Payment

- Disability Support Pension (except for people who are permanently blind)
- JobSeeker Payment
- Parenting Payment
- Special Benefit (nominated visa holders only)
- Youth Allowance
- Farm Household Allowance.

You must report your earnings if you do any work while getting a Centrelink payment.

The Seasonal Work Preclusion Period will not apply:

- to permanent employment that you expect will last more than 12 months
- to any employment other than seasonal work, where employer has paid leave entitlements
- if you are in a rehabilitation program
- if you are doing an activity equivalent to a rehabilitation program as part of the Community Development Program.

## How long is the preclusion period?

The Seasonal Work Preclusion Period will depend on a few factors. This includes how much you earned from your work, and how long you worked for. We base the duration on how long it would take an average wage earner to earn the same amount as a person engaged in contract, seasonal or intermittent work.

To work out your Seasonal Work Preclusion Period, we will

- divide your total earnings by the Average Weekly Ordinary Time Earnings (AWOTE) amount
- then minus the number of weeks worked.

The AWOTE is available from the Australian Bureau of Statistics and they update it twice a year. If your earnings are above the AWOTE, you may have to wait some time before you are eligible for a Centrelink payment.

Call us on **132 850** to discuss your situation if:

- you are unsure whether you would be affected by a preclusion period
- you have financial difficulties during your preclusion period.

If you employ workers affected by a preclusion period, we may ask you to give us their work information. For more information call our National Business Gateway on **131 158**.

## What you need to give us

We may ask for evidence of your previous employment. We may also ask for evidence of your partner’s employment when you make a claim for payment. You must complete a form that includes information about:

- the type of work you and your partner did
- your employer at the time
- dates when you started and finished work
- your gross earnings for the period. Gross income is the total amount earned before tax or other deductions.

- details of deductions you may be able to claim (as allowed by the Australian Taxation Office).

You must give us documents such as:

- payslips
- invoice books
- group certificates
- profit and loss statements
- wage books
- bank statements
- time sheet and
- a letter from your employer or an Employment Separation Certificate.

## For more information

- Go to **servicesaustralia.gov.au** for more information in English.
- Go to **servicesaustralia.gov.au/yourlanguage** where you can read, listen to or watch information in your language.
- For Centrelink payments and services call **131 202** to speak with someone in your own language.
- For Medicare call **132 011** and let us know if you need an interpreter. We will arrange one for free.
- For Child Support call **131 272** and let us know if you need an interpreter. We will arrange one for free.
- Visit a service centre.

Note: calls from your home phone to '**13'** numbers from anywhere in Australia are charged at a fixed rate. That rate may vary from the price of a local call and may also vary between telephone service providers. Calls to '**1800**' numbers from your home phone are free. Calls from public and mobile phones may be timed and charged at a higher rate.

## Disclaimer

The information contained in this publication is intended only as a guide to payments and services. It's your responsibility to decide if you wish to apply for a payment and to make an application with regard to your particular circumstances.